# वराहपोखरी गाउँपालिकाको कृषि एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१

**कार्यपालिकाबाट स्वीकृत मिति:** २०८१।०९।२४

**कार्यपालिकाबाट प्रथम संशोधन मिति:** २०८२।०२।२८

**प्रस्तावना**

कृषकहरुले उत्पादन गरेका विभिन्न कृषि उपजहरु स्थानीय बजारसम्म पुर्याउने पहुँच नभएको र भौगोलिक विकटताका कारणले उत्पादन स्थलमा ताजा उत्पादन खेर गई कृषकहरूले बजार नपाएको अवस्था रहेको छ। यो कार्यक्रम सञ्चालन भएमा कृषक, उपभोक्ताले उत्पादन र उत्पादन सामग्रीहरू सरल र सहज तरिकाले फर्म मूल्य वा कृषकले बेचेको दरमा पाउनेछन्। स-साना कृषकहरू सार्वजनिक सवारी प्रयोग गर्न नपाउँदा आफ्नो उत्पादन बारीमा नै फाल्नुपर्ने अवस्थाको सिर्जनाको अन्त्य हुनेछ । साना तथा पहुँच नभएका कृषकहरू कृषि तथा पशुजन्य उत्पादन र उत्पादन सामग्रीहरू बजारसम्म ल्याउन र सहरी क्षेत्रका उपभोक्ताहरू लाई उचित मूल्यमा उत्पादन र उत्पादन सामग्रीहरू उपलब्ध गराउन कृषि एम्बुलेन्स सञ्चालन खर्च कार्यक्रम सुव्यवस्थित ढङ्गबाट गर्न बान्छनीय भएकोले वराहपोखरी गाउँपालिकाले गाउँपालिकाको "कृषि एम्बुलेन्स सञ्चालन कार्यविधि २०८१" तयार गरी जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "वराहपोखरी गाउँपालिका कृषि एम्बुलेन्स संचालन तथा व्यवस्थापन कार्यविधि २०८१" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति २०८१।०९।२४ देखि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "कृषक" भन्नाले स्थायी रुपमा कृषि पेशामा संलग्न व्यक्तिलाई सम्झनु पर्छ ।

(ख) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई साझा आवश्यक्ता र चाहना भएका व्यक्तिहरु मिलेर सामूहिक विधिद्धारा कृषि क्षेत्रमा काम गर्ने गरी स्थापनजा भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ ।

(ग) "फर्म" भन्नाले प्रचलित कानून अनुसार सम्बन्धित निकायमा दर्ता भएको निजी क्षेत्रका व्यवसायी/उद्यमीको संस्थालाई सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले कृषि एम्बुलेन्स संचालन खर्च गर्नको लागि आफ्नो क्षेत्रका कृषक समूह, सहकारी उपभोक्ता समितिले आफ्ना सदस्यहरु मध्येबाट गठन गरेको समितिलाई सम्झनु पर्छ ।

(ङ) "सहकारी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि/पशुपन्छी सम्बन्धी कार्य गर्ने सहकारी संस्थालाई सम्झनु पर्छ र  शब्दले कृषि कार्य समेत गर्ने उदेश्य रहेको बहुउदेश्यीय सहकारी संस्था समेतलाई बुझाउँछ ।

(च) "उपभोक्ता समिति" भन्नाले कृषि, पशुपन्छी, सिंचाई कार्य गर्ने गरी कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको उपभोक्ता समिति सम्झनु पर्छ ।

(छ) "कम्पनी" भन्नाले कृषि/पशुपन्छी व्यवसाय गर्ने प्रचलित कानून बमोजिम दर्ता भएका प्राइभेट वा पब्लिक कम्पनीलाई सम्झनु पर्छ ।

(ज) "कार्ययोजना" भन्नाले कार्यक्रमहरु सञ्चालन गर्नको लगि आवश्यकता अनुसार सेवाग्राहीले पेश गरेको विस्तृत क्रियाकलाप लागत अनुमान, समयावधि, अपेक्षित उपलब्धि र जिम्मेवार पक्ष सहितको विवरणलाई सम्झनु पर्छ ।

(झ) "कृषि उपज" भन्नाले कृषकले नेपालमा उत्पादन गरेका वस्तु तथा त्यसरी उत्पादित वस्तुको प्रारम्भिक रुपमा प्रशोधन गरिएका खाद्यान्न बाली, फलफूल, तरकारी, मसलाबाली, पुष्प, दूध, उन, च्याउ, मौरी, रेशम, चिया, कफी, कोसेबाली, तेलहन, दलहन, कपास, जुट, उखु, रबर, कृषिका सबै उपक्षेत्रगत उत्पादन सम्झनु पर्छ र सो शब्दले औद्योगिक प्रयोजनका लागि प्रयोग हुने कृषिजन्य कच्चा पदर्थ वा वस्तु समेतलाई जनाउँछ ।

(ञ) "कार्यालय" भन्नाले वराहपोखरी गाउँपालिकालाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## कार्यक्रम संचालनको कार्यान्वयनका क्षेत्रहरु तथा सञ्चालन विधिहरु

३. **कार्यक्रम संचालनको कार्यान्वयनका क्षेत्रहरु:** कृषक/फर्म/कृषि उद्यमी/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/संघ संस्थाले उत्पादन गरेको वस्तु तथा त्यसरी उत्पादित वस्तुको प्रारम्भिक रुपमा प्रशोधन गरिएका खद्यान्न बाली, फलफूल, तरकारी, मसलाबारी, पुष्प, दूध, उन, च्याउ, मौरी, रेशम, चिया, कफी, कोसेबाली, तलहन, दलहन, कपास, जुट, उखु, रबर, कृषिका सबै उपक्षेत्रगत उत्पादन र औद्योगिक प्रयोजनका लागि प्रयोग हुने कृषिजन्य कच्चा पदार्थ वा वस्तु बजार सम्म ल्याउन र शहरी क्षेत्रका उपभोक्ताहरुलाई उचित मूल्यमा उत्पादन र उत्पादन सामाग्रीहरु उपलब्ध गराउने ।

४. **सञ्चालन विधिहरु:** कृषि एम्बुलेन्स सञ्चालन विधि देहाय बमोजिम रहनेछ :

(क) गाउँपालिका क्षेत्र भित्र उत्पादित कृषि उपजलाई बजारीकरणका लागि ढुवानी गर्न आवश्यक स्थानमा सञ्चालन हुनेछ ।

(ख) गाउँपालिका क्षेत्र भन्दा बाहिर सेवा दिन परेमा कृषि एम्बुलेन्स सेवा संचालक समितिको निर्णयानुसार हुनेछ ।

(ग) कृषि एम्बुलेन्स सेवा संचालनमा कृषि उपज वस्तु ढुवानी सेवा संचालन हुनेछ ।

(घ) आधिकारिक कृषि समूह र कृषकलाई मात्र मान्यता दिईनेछ । विशेष परिस्थितिमा समितिको निर्णयअनुसार सञ्चालन गरिनेछ ।

(ङ) कृषकहरुले आफूले प्रयोग गर्ने मितिले कम्तिमा १ (एक) हप्ता अगावै कार्यालयमा अनुसूची-१ को ढाचाँमा निवेदन पेश गरी जानकारी गराउनु पर्नेछ ।

(च) न्युनतम ५०० के.जि. देखि अधिकतम १५०० के.जि.सम्मको कृषि सामाग्रीमात्र ढुवानी गरिनेछ

(छ) [1]** कृषि एम्बुलेन्सको भाडा दर वराहपोखरी गाउँपालिका क्षेत्रभित्र न्यूनतम प्रति कि.मि. प्रति के.जि. रु ०.३० रहनेछ ।

(ज) [2]++कृषि एम्बुलेन्सको भाडा दर वराहपोखरी गाउँपालिका क्षेत्रभन्दा बाहिर न्यूनतम प्रति कि.मि. प्रति के.जि. रु ०.१८ रहनेछ ।

(झ) कृषि सामाग्री ओसार-पसार गर्ने कार्यसूची नभएको बखतमा कार्यालयको आवश्यक प्रयोजनका लागि प्रयोग गर्ने सक्नेछ ।

[1] प्रथम संशोधन ।

[2] प्रथम संशोधन थप ।

## परिच्छेद-३

## कार्यक्रम संचालनको कार्यक्षेत्रहरु तथा उद्धेश्य

५. वराहपोखरी गाउँपालिका भित्रका सम्पूर्ण वडाहरु (वराहपोखरी, सुन्तले, साउनेचउर, फाक्टाङ, पौवासेरा र मौवाबोटे) का टोलबस्तिहरु ।

६. यस कार्यविधि अनुसार कार्यक्रमको उद्धेश्य देहाय बमोजिमको हुनेछ ।

(क) उच्च मुल्य भएको र सिघ्र नासवान हुने कृषि उपजलाई छिटो छरितो सुरक्षित सहज र गुणस्तरीय ढुवानीको व्यवस्था गर्ने

(ख) कृषकहरुले उत्पादन गरेका कृषि उपजको प्रसोधन एवम् बजार स्थलसम्म पुर्याउँदा हुने क्षति न्युनीकरण गरी नोक्सानीबाट जोगाई आय आर्जनमा वृद्धि गर्ने

(ग) कृषि उपजको उत्पादन पश्चात हुने क्षति न्युनीकरण गरि उपभोक्तासम्म गुणस्तरीय उत्पादन पुर्याउने ।

## परिच्छेद-४

## संचालन गरिने कार्यक्रम

७. वराहपोखरी गाउँपालिकाको वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि कृषि एम्बुलेन्स संचालन कार्यक्रम संचालन हुनेछ । स्वीकृत वार्षिक कार्यक्रममा देहाय अनुसार संलग्न मापदण्ड, संचालन गरिने क्रियाकलापहरु र अनुदान सिमा रकमका आधारमा संचालन गरिनेछ ।

८. कार्यक्रमको खर्च मापदण्ड: कृषि एम्बुलेन्स संचालन खर्च मापदण्ड देहायअनुसार हुनेछ:

(क) प्रचलित नियमानुसार दर्ता भएको कृषि उद्यमी/कृषक समूह/ कृषि सहकारी/ निजि फर्म/कम्पनी/संस्था हुनुपर्ने,

(ख) ढुवानी योग्य परिमाणमा वालिवस्तु उत्पादन भएको संस्था हुनुपर्ने,

(ग) बाली बस्तुको उत्पादन तथा बजारीकरण परीमाणको मापदण्ड सूचनामा थप उल्लेख गर्न सकिनेछ,

(घ) नेपाल सरकार वा अन्य निकायबाट ढुवानी साधनमा अनुदान पाएका संस्थालाई अनुदान वितरण नगर्ने,

(ङ) वराहपोखरी गाउँपालिकाले तोकेको ढुवानी दररेट अनुसार ढुवानी गर्नुपर्ने।

## परिच्छेद-५

## समिति सम्बन्धी व्यवस्था

९. कार्यक्रम कार्यान्वयन, व्यवस्थापन र मूल्यांकन समिति: (१) कार्यक्रम कार्यान्वयन, व्यवस्थापन र मूल्याङकन गर्न देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछ:-

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| जिन्सी शाखा प्रमुख | -सदस्य |
| कृषक समूह/फर्म/सहकारी प्रतिनिधी | -सदस्य |
| कषि शाखा प्रमुख | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यक्ता अनुसार बस्नेछ र समितिले आवश्यक ठानेमा बैठकमा बढीमा दुई जनासम्म विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

१०.समितिको काम कर्तव्य र अधिकार: (१) दफा ९ बमोजिम गठन भएको कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) कार्यक्रम मूल्याङ्कनका आधारमा परिमार्जन गर्न आवश्यक देखिएमा विस्तृतीकरण गरी अनुमोदन गर्ने,

(ख) मूल्याङ्कन भई सिफारिस भएका कार्यक्रम प्रस्तावहरु स्वीकृत गर्ने,

(ग) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने,

(घ) प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालालाई राय सुझाव दिने,

(ङ) प्रस्ताव र मूल्याङ्कनका सूचक/आधारहरुको ढाँचामा संशोधन गर्नुपरेमा कार्यपालिकाबाट स्वीकृत लिई गर्न सक्ने,

(च) संचालक समितिको निर्णयले कृषि सहकारी, कृषक समूह तथा कृषि फर्म संचालकमध्येबाट तिन सदस्यीय कृषि एम्बुलेन्स सञ्चालन उप-समिति गठन गर्न सक्ने,

(छ) ढुवानी साधन परिचालनका सम्बन्धमा सम्पूर्ण जिम्मेवारी उप-समितिमा निहित रहनेछ भने अन्तिम निर्णय संचालक समितिको रहने,

(ज) गाउँपालिकाभन्दा बाहिर स्थानहरुबाट उत्पादित कृषि उपज तथा पशुजन्य उत्पादित वस्तु ढुवानी गर्दा संचालक समितिको पूर्व निर्णय लिनुपर्ने,

(झ) उप-समितिको मासिक प्रतिवेदनको आधारमा त्रैमासिक कार्य प्रगति तथा प्रतिवेदन गाउँकार्यपालिकाको बैठकमा पेश गर्नु पर्ने ।

(२) उप-समितिको काम कर्तव्य र अधिकार

क. ढुवानी साधनको सञ्चालनको क्रममा भई आएको दैनिक आम्दानी तथा खर्च विवरण विल भरपाईको प्रतिलिपि साथ संचालक समिति सामु मासिक प्रगति विवरण वा प्रतिवेदन सहित पेश गर्ने

ख. दैनिक रुपमा ढुवानी साधनलाई चुस्त दुरुस्त राख्न लगाउने

ग. ढुवानी साधन संचालनको क्रममा कानून विपरितका कृयाकलाप संचालन हुन नदिने

(३) चालकले अवलम्बन गर्नुपर्ने नियमहरु

क. ढुवानी साधन चलाउने जिम्मेवारी पाएका आधिकारीक व्यक्ति चालकले मात्र चलाउने पाउनेछ । र चालकले विना अनुमति वा विना काम ढुवानी साधन चलाउन पाउने छैन ।

ख. चालकले आपतकालिन अवस्थामा बाहेक अन्य व्यक्तिलाई कुनै पनि बेला ठाउँ र परिवेशमा चलाउन दिन मिल्ने छैन । आपतकालिन अवस्थामा चलाउन दिदा समेत व्यवस्थापन समितिको पूर्व स्वीकृती लिनुपर्छ ।

ग. नेपाल सरकारले जारी गरेको ढुवानी सम्बन्धी सम्पूर्ण नियमहरुको अक्षरस पालना गर्नु पर्नेछ ।

घ. उप-समितिले सिफारिस गरेका बाहेकका कुनै पनि सामान ढुवानी गर्न पाउने छैन ।

## परिच्छेद-६

## विविध

११.अनुगमन तथा मूल्याङ्कन:

(क) सञ्चालित कार्यक्रमहरु पारदर्शी र प्रभावकारी रुपमा भए नभएको सम्बन्धमा वराहपोखरी गाउँपालिका कार्यालयले कम्तिमा चौमासिक रुपमा अनुगमन गर्नुपर्नेछ ।

(ख) यस कार्यविधि बमोजिम कार्यान्वयन हुने कार्यक्रमको कार्यान्वयन पश्चात मन्त्रालय वा कार्यालयले कार्यक्रमका पूर्व निर्धारित उद्देश्य र प्राप्त उपलब्धीहरुको प्रभाव मूल्याङ्कन गर्न सक्नेछ र त्यसरी प्रभाव मूल्याङ्कनबाट प्राप्त प्रतिवेदनको सुझावको आधारमा पृष्ठपोषणको रुपमा ग्रहण गर्न सकिनेछ ।

१२.बाधा अडकाउ फुकाउन सक्ने: यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

१३.कार्यविधि संशोधन तथा खारेज गर्न सक्ने: (१) कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ ।

**शालिकराम बन्जारा**

**गाउँपालिका अध्यक्ष**

## अनुसूची-१

## निवेदनको ढाँचा

मिति: .......

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**वराहपोखरी गाउँपालिका, खोटाङ,**
**कोशी प्रदेश, नेपाल ।**

**विषय:- कृषि एम्बुलेन्स उपलब्ध गराइदिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट सञ्चालनमा रहेको कृषि एम्बुलेन्स यस .......................................................................... फर्म/संस्थाबाट तपसिल बमोजिमको कृषि उपज खाद्य वस्तु/सामाग्री उल्लेखित स्थानसम्म ढुवानी गर्नुपर्ने भएकोले कार्यालयले तोकेको दररेट बमोजिम ढुवानी गर्न/गराउन मञ्जुर भएकोले सो प्रयोजनका लागि कृषि एम्बुलेन्स उपलब्ध गराईदिन हुनका लागि सो निवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

१. फर्म/संस्थाको नाम:
२. ठेगाना:
३. प्रोपराईटरको नाम थर:
४. सम्पर्क नं.:
५. ढुवानी वस्तु/सामाग्री:
६. ढुवानी वस्तु/सामाग्रीको तौल (के.जि.):
७. ढुवानी गर्नुपर्ने स्थान:

**निवेदक**
दस्तखत:
नाम:
ठेगाना:
सम्पर्क नं.
संस्थाको छाप: